# अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं

## प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी)

श्री सञ्चालक समिति,
अपि पावर कम्पनी लिमिटेड
थापाथली, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।**

महाशय,

........................ जिल्ला.................................... न.पा./गा.वि.स. वडा नं. ........... बस्ने म/हामी .......... ............................ले त्यस संस्थाको शेयरधनीको हैसियतले मिति २०७२ साल पौष ३० गते बिहिबार (१४ जनवारी २०१६) का दिन हुने बाह्रौं वर्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ............... जिल्ला ...................... न.पा./गा.वि.स. बस्ने त्यस संस्थाका शेयरधनी श्री ............................................ शेयरप्रमाण पत्र नं. ........... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरि पठाएको छु/छौ ।

| प्रतिनिधि हुनेको | | प्रतिनिधि नियुक्त गर्नेको | |
|---|---|---|---|
| नाम | : | नाम | : |
| दस्तखत | : | दस्तखत | : |
| प्रमाण पत्र नं. | : | प्रमाण पत्र नं. | : |
| शेयर संख्या | : | शेयर संख्या | : |
| मिति | : | मिति | : |

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

# अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं

## प्रवेश-पत्र

शेयरधनीको नाम :

प्रमाण पत्र नं. :

कुल शेयर संख्या :

शेयरधनीको सही :

कम्पनी सचिव

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध छ ।)

# अपि पावर कम्पनी लिमिटेडले निर्माण गरेको एवं निर्माण गर्ने आयोजनाहरू



# विषय-सूची



| | विवरणहरु | पृष्ठ |
|---|---|---|
| | कम्पनीको परिचय | ४ |
| | बाहौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ५ |
| | अध्यक्षको मन्तब्य | ७ |
| | कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) अनुसारको अतिरिक्त विवरणहरु | १० |
| | लेखा परीक्षकको प्रतिवेदन | २४ |
| | • वासलात | २५ |
| | • नाफा नोक्सान हिसाव | २६ |
| | • नगद प्रवाह विवरण | २७ |
| | • इक्विटीमा भएको परिवर्तन | २८ |
| | • अनुसूचीहरु | २९ |
| | • लेखा नीति तथा टिप्पणीहरु | ३४ |

# कम्पनीको परिचय

अपि पावर कम्पनी लिमिटेड नेपालमा जलविद्युत उत्पादन तथा वितरण गर्ने मूल उद्येश्यका साथ वि.सं २०६० साल अषाढ ५ गते प्राइभेट लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो। वि.सं २०७० साल श्रावण ४ गतेका दिन यो कम्पनी पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो। नेपालमा प्रचुर सम्भावना रहेको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा आफुलाई स्थापित गर्न यस कम्पनीले नयाँ आयोजनाहरुको पहिचान गरी निर्माण कार्य गरिरहेको छ।

जलविद्युत आयोजनामा सर्वसाधारणको लगानीको व्यवस्था गर्न यस कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरी उक्त शेयरहरु नेपाल स्टक एक्सचेन्जमा लिमिटेडमा सुचिकृत गराएको छ।

यस कम्पनीले आफ्नो पहिलो परियोजनाको रुपमा ८.५ मे.वा. नौगड गाढ साना जलविद्युत आयोजनाको निमार्ण कार्य सम्पन्न गरी उक्त आयोजनाको संचालन गरिरहेको छ। ८ मे.वा. क्षमताको माथिल्लो नौगड गाढ साना जलविद्युत आयोजना, ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना तथा अन्य आयोजनाहरुको निमार्णका लागि पनि यस कम्पनीले पहल गरिरहेको छ।

कम्पनीमा हाल १५१५८४ शेयरधनीहरु रहनु भएको छ। संस्थापक शेयरधनीहरु १०६४, स्थानीय लगानिकर्ताहरु १९०४ र सर्वसाधारण शेयरधनीहरु १४८५७५ रहने गरी यो नेपालको एक ठूलो लगानिकर्ताहरुको कम्पनी बनेको छ। कम्पनीले १७ महिनाको छोटो अवधिमा ८.५ मे.वा. को नौगाड गढ साना जलविद्युत आयोजनाको निर्माण कार्य समापन गरेको छ। कम्पनीमा दक्ष कामदारहरु एवम् प्राविधिकहरु रहेका छन्। कम्पनीले जलविद्युत आयोजनाका साथै सोलार प्रविधिबाट पनि उर्जा निकाल्न आवश्यक अध्ययन गरिरहेको छ। सूदुर पश्चिमाञ्चल विकासक्षेत्र विकासका कैयौं सम्भावना बोकेको क्षेत्र हो। कम्पनीले यस क्षेत्रमा जडिबुटी प्रसोधन सिमेन्ट कार्खाना निर्माण लगायतका अन्य विकासका आयोजनाहरुको लागि पहल गरिरहेको छ। कम्पनीले नयाँ नयाँ आयोजनाहरुको निर्माण गर्दै आफ्ना शेयरधनीहरुलाई बढी भन्दा बढी मुनाफा दिने योजनाका साथ कार्य गरिरहेको छ।



नौगाड नदिको तस्विर

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेडको
# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७२/०८/१८ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०७२ पौष ३० गते विहिबार (14th January, 2016 )
स्थान : ट्रेड टावर बिजनेस सेन्टर, थापाथली, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७२/७३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको नियमावलीमा भएको व्यवस्था वमोजिम सर्वसाधारण शेयरधनीहरु मध्येवाट २ जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
सिर्जना दंगाल

# साधारण सभा सम्बन्धी जानकारीहरू

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिने ।

२) शेयरधनीहरुको दस्तखतको लागी शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिने ।

३) साधारण सभा प्रयोजनका लागि २०७२ पौष ९ गते देखि पौष ३० गते सम्म शेयरको दर्ता किताब बन्द रहनेछ । २०७२ पौष ९ गत गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई ७ कार्य दिन (पौष १९ गते) भित्र दाखिल खारेजका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू सभामा भाग लिन र  मतदानका लागि योग्य हुने ।

४) निर्वाचन संम्बन्धी कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथलीमा ७ दिन अगावै प्रकाशित गरिने ।

५) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वतः बदर हुने ।

६) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सकिने।

७) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुने ।

८) बाह्रौं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apihydro.com बाट प्राप्त गर्न सकिने ।

# अध्यक्षको मन्तव्य



**आदरणीय शेयरधनी महानूभावहरु,**

अपि पावर कम्पनी लिमिटेडको बाह्रौं बार्षिक साधारणसभामा उपस्थित हुनुभएका सम्पुर्ण शेयरधनी महानुभाव, पयर्वेक्षक, पत्रकार तथा कर्मचारी साथीहरुमा सञ्चालक समिति तथा ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । कम्पनीको यस बाह्रौ वार्षिक साधारणसभामा उपस्थित भएर यो प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी नेपाली उद्यमीहरु मिलेर सहकार्य गर्दै देशमा जलविद्युत आयोजनाहरुको विकास, निर्माण तथा सञ्चालन गरेर देशमा विद्युतको माग परिपूर्ति गर्न सहयोग गर्ने हेतुले विक्रम सम्वत २०६० साल आषाढ ५ गते अपि पावर कम्पनी प्राइभेट लिमिटेडको स्थापना भएको हो । मिति २०७० साल श्रावण १० गते यसलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ ।

कम्पनीले जलविद्युत आयोजनाहरु पहिचान गरी निर्माण गर्ने क्रममा महाकाली अञ्चलको दार्चुला जिल्लामा बहने नौगड गाढ नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगढ गाड जलविद्युत आयोजनाको निर्माण पुरा गरी २०७२ साल श्रावण महिना देखि विद्युत उत्पादन सुरु भएको घोषणा गर्दा म निकै हर्षित छु । यस आयोजनाबाट उत्पादित विद्युतशक्ति दार्चुला जिल्लामा अवस्थित नेपाल विद्युत प्राधिकरणको बलाच सवस्टेसनमा जडान गरिसकेका छौ । मिति २०७२ साल भदौ २ गते बाट कम्पनीले आफनो व्यापारीक उत्पादन सुरु गरीसकेको छ। यस आयोजनाबाट उत्पादित विद्युतशक्ति हाललाई ३३ के.भि प्रशारण लाइन मार्फत बलाँच देखि अत्तरिया हुँदै राष्टिय ग्रीडमा प्रवाह भईरहेको छ ।

नौगड गाढ आयोजनाबाट उत्पादित विद्युत शक्तिले सुदुरपश्चिमका पहाडी जिल्लाहरु क्रमश : दार्चुला, बैतडी, डडेलधुरा, अछाम, डोटी र बाजुरामा लोडसेडिंग न्युन भएको छ। यो हाम्रो लागी निकै ठूलो सफलता हो । यस हिसाबले उक्त क्षेत्रहरुमा आउने दिनहरुमा उद्योग, कलकारखाना एवं अन्य आयमूलक कार्यर्कमहरुको विस्तार हुनेमा म विश्वस्त छु ।

कम्पनीका कर्मचारी साथीहरुले अहोरात्र खटेर १७ महिनामा यो आयोजना तयार गर्नुभएकोमा म मेरो व्यक्तिगत तर्फबाट र सम्पुर्ण शेयरधनी माहनुभावहरुको तर्फबाट बधाई दिन चाहन्छु । आउने दिनहरुमा कम्पनीले बिकास गर्न लागेका आयोजनाहरु पनि यसै प्रकारले निर्माण गरि शेयरधनीहरुलाई बढि भन्दा बढि मुनाफा दिन हाम्रो कम्पनी सफल हुनेमा म विश्ववस्त छु ।

यस आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले निमार्ण गरिरहेको चमेलिया-अत्तरिया १३२ केभि ट्रान्समिशनलाईनमा जोडेर राष्ट्रिय प्रणालीमा आपुर्ति गरिने गरी नेपाल विद्युत प्राधिकरण संग सम्झौता सम्पन्न गरिए तापनि सो ट्रान्समिशन लाईन पूर्णरुपमा निर्माण नभएको कारणले हाललाई ३३ के भि प्रसारण लाईन प्रयोग गरिएको छ। चमेलिया देखि अत्तरिया सम्मको १३२ के भि ट्रान्समिशनलाईनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ। निकट भविष्यमानै हाम्रो विद्युत शक्ति पनि सोहि मार्गबाट बहने छ।

यस आयोजनाबाट बार्षिक रु. ५ करोड १९ लाख ३४ हजार ९ सय ३९ किलोवाटघण्टा विद्युतशक्ति उत्पादन हुने प्रक्षेपण गरिएको छ। विद्युत विक्रीको मूल्य बर्षातका ८ महिनाको लागि रु. ४.०० प्रतिकिलोवाट घण्टा तथा हिउँदका ४ महिनाको लागि रु ७.०० प्रतिकिलोवाट घण्टा कायम गरिएको छ । यो जलविद्युत

आयोजना निमार्ण पुरा गर्न कुल रु. १४४.५ करोड खर्च भएको छ । रु. १७ करोड प्रति मेगावाटमा यो आयोजनाको निर्माण कार्य सम्पन्न भएको छ । आयोजनाको कुल लागत मध्ये रु. ९८ करोड बैंक तथा वित्तिय संस्थाहरुबाट परियोजना कर्जा जुटाईने भने तापनी केवल रु.७६ करोड ८९ लाख ऋण लिएका छ भने बाँकी रकम रु. ६६ करोड ६० लाख शेयरधनीहरुको लगानी भएको छ । शेयरधनीहरुबाट उठाईएको बाँकी रकम रु. ३२ करोड ३९ लाख अपर नौगडगाढ आयोजनाको निर्माणको लागि तथा अरुण काबेली पावर कम्पनी लिमिटेड र अपि हाइड्रोमेकानिकल कम्पनी (प्रा.) लि. को शेयरमा लगानी गरिएको छ । शेयरधनीहरुलाई कम्पनीका आयोजनाहरु एवं अन्य लगानीबाट मूनाफा प्राप्त हुदै जानेछ ।

कम्पनीले परियोजनाको निर्माण पुरा गरी विद्युत उत्पादन सुरु गरेको पहिलो वर्ष (आर्थिक वर्ष २०७२/७३) रु. २२ करोड आम्दानी हुने प्रक्षेपण रहेको छ । आयोजनाले व्यापारिक उत्पादन सुरु गरेपछिका नौ वर्ष सम्म विद्युत बिक्रीबाट प्राप्त हुने आयमा बार्षिक ३ प्रतिशतका दरले बृद्धि हुनेछ ।

यस कम्पनीमा लगानी गर्नु हुने शेयरधनीहरुले उत्पादन शुरु भएको दोश्रो वर्ष देखि लाभांश प्राप्त गर्नुहुनेछ । वैंकको सावा भुक्तानी हुदै गएपछि यस कम्पनीको लाभांश दर बढने छ । कम्पनीले लिएको वैंक ऋण १२ वर्षमा चुक्ता गरिने छ ।

यस परियोजनाको Detail Design श्री Clean Energy Consultant Pvt. Ltd. का विज्ञहरुले गर्नुभएको हो । म वँहाहरुलाई धन्यवाद दिन चाहन्छु । वँहाहरुले निकट भविष्यमा शुरु हुन लागेको ८ मेगावाट क्षमताको अपर नौगड गाढ साना जलविद्युत आयोजनाको Detail Designको कार्य समेत गरिरहनु भएको छ ।

कम्पनीले दार्चुला जिल्लाको देथला गा.वि.स. मा लुइटा देखी पावरहाउस सम्म करीब ८ किलोमिटर सडकलाई स्तर उन्नती गर्ने, त्यसैगरि कायार्लय भवन निर्माण, खानेपानी, पावरहाउस सम्मको करीब ७०० मिटर ग्राभेल सडक (Track Open), पावर हाउस देखी इन्टेक सम्मको ५ कि.मि. मा Construction Power को लागी पोलहरु गड्ने तथा तार तान्ने काम सम्पन्न गरेको छ । यसबाट त्यस क्षेत्रमा वसोवास गर्ने बासिन्दाहरुले विद्युत उपयोग गर्न पाएका छन । कम्पनीले विद्यमान पानीघट्ट विस्थापित भएको कारण २ वटा इलेक्ट्रिक आधुनिक मिलहरु संचालनमा ल्याएको छ । देथला गा.वि.स. र रौतडा गा.वि.स. मा २ वटा सिंचाईका आयोजनाहरु समेत कम्पनीले आफ्नो खर्चमा निर्माण सम्पन्न गरेकोछ । लटिनाथ मन्दिर, नौगाड गाढ मन्दिर एवं भगवती मन्दिर निर्माण गरि त्यस क्षेत्रमा धार्मिक कार्यहरु गरेको छ ।

यस परियोजनाको निर्माण कार्य सम्पन्न गर्नका लागी आर्थिक स्रोत जुटाउन संस्थापक शेयरधनीबाट रु. ६० करोड प्राथमिक शेयर सर्वसाधारणमा (IPO) गरि रु. ३० करोड संकलन भएको छ भने रु. १० करोड स्थानीय आयोजना प्रभावित दार्चुला तथा बैतडी जिल्लावासीहरुबाट उठाइएको छ । यस कम्पनीको शेयर सर्वसाधरणमा निष्काशन गर्ने कार्य सफल रुपमा गरिदिने श्री NIBL Capital Markets Ltd. लाई धन्यवाद दिन चाहन्छु ।

**शेयरधनी महानुभावहरु,**

नयाँ आयोजनाहरुको विकास गर्ने क्रममा महाकाली अञ्चलको दार्चुला जिल्लामा वहने नौगाड गाड नदीमा ८ मेगावाट क्षमताको अपर नौगाड जलविद्युत आयोजनाको पहिचान गरी अध्ययन गर्ने कार्य भईरहेको छ । यस आयोजनाको लागी नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट सर्वेक्षण अनुमति पत्र प्राप्त गरि विद्युत खरिद विक्री संम्झौताको लागी नेपाल विद्युत प्राधिकरणमा आवेदन गरिएको छ । हाम्रो

कार्ययोजनामा यस आयोजनाको निर्माण कार्य यसै वर्षबाट शुरु गर्ने रहेको छ । यो आयोजनाको निर्माणले हामीलाई एक ठूलो कम्पनी बनाउने छ । हाल ८.५ मेगावाट विद्युत उत्पादन गरिरहेको कम्पनीले थप ८ मेगावाट विद्युत उत्पादन गर्ने छ । यो आयोजनाको निर्माणको लागी अपि पावर कम्पनीको १०० प्रतिशत शेयर स्वामित्व हुनेछ । यस आयोजनालाई सफल पार्न शेयरधनी महानुभावहरुको सहयोगको अपेक्षा गर्दछु । यसको साथै कम्पनीले ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको सर्भेक्षण अनुमति पत्र प्राप्त गर्न आवश्यक कार्यहरु गरिरहेको छ । यो आयोजना पनि कम्पनीले आफ्नै श्रोत परिचालन गरि निर्माण गर्ने लक्ष्यका साथ कार्य गरिरहेको छौ । यस बाहेक पनि अन्य विभिन्न जलविद्युत आयोजनाहरुको निर्माणको लागी अध्ययन गर्ने क्रम जारिरहेको छ । हामी यस कम्पनीलाई नेपालको सबैभन्दा ठूलो र मूनाफादायी जलविद्युत कम्पनी बनाउन मेहनतका साथ कार्य गरिरहेका छौ । म यस साधारण सभाबाट शेयरधनी महानुभावहरुले कम्पनीको बारे सकारात्मक प्रचार गरि आउने दिनहरुमा अझ बढि सहयोग गर्नु हुनेछ  भन्ने आशा गर्दछु ।

२०७२ साल बैसााख महिनाको १२ र २९ गते गएको विनासकारी भकूम्पले पुरै नेपाललाई तहसनहस बनाएको थियो । सो भूकम्पल हाम्रो परियोजना स्थल महाकाली अंचलको दाचुर्ला जिल्लामा खासै असर नपारेकाले अपि पावर कम्पनी लिमिटेडको ८.५ मे.वा क्षमताको परियोजनामा कुनै क्षती नभएको कुरा जानकारी गराउँदछु ।

हालै कायम रहेको भारतको अघोषित नाकावन्दीले देशमा चरम अभावको सिर्जना भएको यॉहाहरुलाई अवगतनै छ । यो नाकावन्दीले परियोजना निमार्ण गर्न असहज स्थीति वनाएको भएतापनी अपि पावर कम्पनी लिमिटेडको ८.५ मे.वा क्षमताको परियाजनाको निमार्ण तथा संचालनमा भने यसले ढुवानी खर्च वाहेक अरु काममा असर नपरेको व्यहोरा अवगत गराउँदछु ।

कम्पनीलाई आजको यस अवस्थामा पुऱ्याउन सहयोग गर्नुहुने शेयरधनी महानुभावहरु, आयोजना निर्माणमा बित्तीय सहयोग प्रदान गर्ने नेपाल बैंक लिमिटेड, प्राइम कर्मसियल बैंक लिमिटेड, ग्लोबल आई. एम. ई. बैंक लिमिटेड, नेपाल एस.बि.आई. बैंक लिमिटेड तथा बैंक अफ काठमाडौं लिमिटेड, सिभिल निमार्णको कार्य गर्ने श्री मकालु डेभलपर्स लिमिटेड, हाइड्रोमेकानिकल कार्य सम्पन्न गर्ने श्री स्ट्रक्टो उडेको जे.भि. र अपि हाइड्रोमेकानिकल कम्पनी प्रा.लि, इलेक्ट्रिकल मेसिनहरु आयत गरि जडान गर्ने Andritz Hydro Pvt. Ltd. तथा Synergy Enviro Engineers (I) Pvt. Ltd., श्री नेपाल विद्युत प्राधिकरण, श्री उर्जा मन्त्रालय साथै कम्पनीको काममा अथक मेहनत गर्नुहुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आफ्नो व्यस्त कार्यक्रमको बावजुत पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदैं सञ्चालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।

(गुरु प्रसाद न्यौपाने)
अध्यक्ष
अपि पावर कम्पनी लिमिटेड

# कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन

आर्थिक वर्ष २०७१/०७२

अपि पावर कम्पनी लिमिटेड विक्रम सम्बत् २०६० साल आषाढ ५ गते प्राइभेट लिमिटेडको रुपमा स्थापना भई मिति २०७० साल श्रावण १० गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो । कम्पनीले महाकाली अञ्चलको दार्चुला जिल्लामा बहने नौगाड नदीको पानी उपभोग गरी ८.५ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण गर्न उर्जा मन्त्रालयबाट अनुमतीपत्र प्राप्त गरी नेपाल विद्युत प्राधिकरण संग मिति २०६७ साल बैशाख १९ गते विद्युत खरिद विक्रि सम्झौता सम्पन्न गरेको थियो । कम्पनीले विद्युत उत्पादनको अनुमतिपत्र मिति २०६९ आषाढ ३१ मा प्राप्त गरी आयोजनाको कार्य शुरु गरेको थियो । कम्पनीसँग सम्बन्धित महत्वपूर्ण मिति तल उल्लेख गरिएको छ ।

| | |
|---|---|
| कम्पनी स्थापना भएको मिति | : २०६०/०३/०५ |
| कम्पनीको दर्ता नं | : ११४४७/०५९/०६० |
| उद्योग दर्ता नं | : १३८४/८४/०६८/०६९ |
| कम्पनीको पान नं. | : ३०१४४२९१२ |
| विद्युत खरिद बिक्रि सम्झौता भएको मिति | : २०६७/०१/१९ |
| पव्लिक लिमिटेडमा परिणत | : २०७०/०४/१० |
| स्थानिय वासिन्दालाई शेयर बाडफाँट मिति | : २०७१/१२/०४ |
| परियोजना निर्माण सम्पन्न मिति | : २०७२/०३/२९ |
| व्यवसायिक उत्पादन मिति | : २०७२/०५/०२ |
| सर्वसाधारणलाई शेयर बाडफाँड मिति | : २०७२/०५/१५ |
| शेयर नेपाल स्टक एक्सचेन्जमा सुचिकृत मिति | : २०७२/०७/२३ |
| बजारमा शेयर खरीद विक्रि सुरु भएको मिति | : २०७२/०८/०२ |

## शेयरको वजारमूल्य

मिति २०७२ मंसीर २ गतेवाट यस कम्पनीको सेयर नेपाल स्टक एक्सचेन्जमा कारोवार शुरु भएको छ । कारोवार शुरु हुदाँ प्रति सेयरको मुल्य रु ३०१/- वाट शुरु भएको थियो । सो मुल्यमा वृद्धि हुँदै गएर यो प्रतिवेदन तयार गर्दाको अवस्थामा हाल रु ४००/- को हाराहारीमा खरिद विक्री भइरहेको छ । २०७२ मंसीर र पौष महिनाको कारोवारको संक्षीप्त झलक तलको तालिकामा दिइएको छ ।

| मिति | अधिकतम | न्यूनतम | अन्तिम |
|---|---|---|---|
| २०७२/०८/०२ | ३१३ | २९७ | ३१३ |
| २०७२/०८/०३ | ३३१ | ३१३ | ३३१ |
| २०७२/०८/०६ | ३६४ | ३३७ | ३६४ |
| २०७२/०८/०७ | ४०० | ३७१ | ४०० |
| २०७२/०८/०८ | ४३७ | ४१५ | ४३० |
| २०७२/०८/०९ | ४३४ | ४०३ | ४०६ |
| २०७२/०८/१० | ४०० | ३९० | ३९५ |
| २०७२/०८/१३ | ३८८ | ३७६ | ३८१ |
| २०७२/०८/१४ | ३९७ | ३८० | ३८४ |
| २०७२/०८/१५ | ४०० | ३८१ | ४०० |
| २०७२/०८/१६ | ४०५ | ३९० | ३९८ |
| २०७२/०८/१७ | ४०१ | ३८७ | ३९२ |

| | | | |
|---|---|---|---|
| २०७२/०८/२० | ४०१ | ३८८ | ३९८ |
| २०७२/०८/२१ | ४०८ | ३९५ | ३९७ |
| २०७२/०८/२२ | ४०२ | ३९१ | ३९९ |
| २०७२/०८/२३ | ४१२ | ३९४ | ४१२ |
| २०७२/०८/२४ | ४१० | ३९८ | ४०० |
| २०७२/०८/२७ | ४०१ | ३९३ | ४०० |
| २०७२/०८/२८ | ४०० | ३९८ | ३९८ |
| २०७२/०८/२९ | ४०० | ३९० | ३९१ |
| २०७२/०९/०१ | ४०० | ३९० | ३९१ |
| २०७२/०९/०२ | ४०० | ३९० | ३९३ |
| २०७२/०९/०६ | ३९५ | ३८२ | ३८९ |
| २०७२/०९/०७ | ३८९ | ३७६ | ३७८ |
| २०७२/०९/०८ | ३८० | ३६४ | ३७० |
| २०७२/०९/०९ | ३८५ | ३६५ | ३७९ |

## शेयरको बजारमूल्य




यसरी कम्पनीको परिचय पछि म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७१/०७२ को सञ्चालक समितिको प्रतिवेदन र सोही वर्षको लेखा परीक्षण भएका वित्तिय विवरणहरु सभा समक्ष छलफल तथा अनुमोदनको लागी प्रस्ताव प्रस्तुत गर्दछु ।

## (१)विगत वर्षको कारोबारको सिंहावलोकन

### (क) कम्पनीको शेयर पूँजी तथा सञ्चिती :

| विवरण | आ.व २०७१/०७२ | आ.व २०७०/०७१ |
|---|---|---|
| शेयर पूँजी | ७१५,०००,०००/- | ५०२,१५०,४००/- |
| शेयर आवेदन रकम | | १५,२७२,०५०/- |
| जगेडा कोष तथा सञ्चित नाफा | (१३,६४१,१२५/- | (७,९६१,९९९/- |
| **जम्मा पूँजी** | **७०१,३५८,८७४/-** | **५१०,४४८,४५०/-** |

### (ख) अपि पावर कम्पनी लिमिटेडको शेयरको बनौट

| क.सं. | विवरण | रकम | शेयरधनी संख्या | बाडफाँड मिति |
|---|---|---|---|---|
| १. | संस्थापक | ६००,०००,००० | १,०६४ | - |
| २. | स्थानिय | १००,०००,००० | १,९०४ | २०७१/१२/०४ |
| ३. | सामुहिक लगानीकर्ता | १५,०००,००० | ६ | २०७२/०३/१४ |
| ४. | कर्मचारी | ९,०००,००० | ३५ | २०७२/०५/१५ |
| ५. | सर्वसाधारण | २७६,०००,००० | १४८,५७५ | २०७२/०५/१५ |
| **जम्मा** | | **१,०००,०००,०००** | **१५१,५८४** | |




## (२) कम्पनीको भावी योजना एवं कार्यक्रम :

### क. माथिल्लो नौगड गाढ साना जलविद्युत आयोजना (८००० किलोवाट)



अपि पावर कम्पनी लिमिटेडले दार्चुला जिल्लाको नौगड गाढ नदिमा अर्को आयोजना पहिचान गरेको छ । ८००० किलोवाट क्षमताको अपर नौगाड साना जलविद्युत आयोजना को सर्भेक्षण अनुमति श्री नेपाल सरकार उर्जा मन्त्रालयबाट प्राप्त गरि सो को कार्यसम्पन्न गरि जग्गा खरिद प्रकीया सुरु भैसकेको छ । धुलिगडा तथा शिखर गा.वि.स मा पर्ने यस आयोजना नदीको वहावमा आधारित (Run off the River) परियोजना हुनेछ जसले ६.४३ घनमिटर प्रति सेकेण्डको पानी १४५ मी माथिबाट झारी ८ मेगावाट विद्युत उत्पादन गर्नेछ । नेपाल विद्युत प्राधिकरण र कम्पनी बिच यस आयोजनाको विद्युत खरीद विक्रि सम्झौताको कार्य भईरहेको र आयोजनाको ग्रिड कनेक्सन सम्झौताको अन्तिम चरणमा रहेको छ ।

## ख. अपर चमेलिया जलविद्युत आयोजना (४० मेगावाट)

यस कम्पनीले चमेलिया नदिमा ४०मेगावाट क्षमताको एक अर्को आयोजना समेत पहिचान गरि श्री विद्युत विकास बिभागमा सर्भे लाइसन्सको लागि आवेदन गरिसकेको छ । कम्पनीले आफ्नै श्रोत र साधन प्रयोग गरि यो आयोजना समेत निमार्ण गर्नेछ । गुलजार, तपोवन तथा लटीनाथ गा.वि.स मा पर्ने यस आयोजना नदीको वहावमा आधारित (Run off the River) परियोजना हुनेछ जसले २२.७९ घनमिटर प्रति सेकेण्डको पानी २०० मी माथविाट झारी ४० मेगावाट विद्युत उत्पादन गर्नेछ । यो आयोजना अपि नाम्पा संरक्षण क्षेत्र भित्र पर्ने भएकाले वन मन्त्रालयबाट सिफारीस प्राप्त गरिसकेको छ ।



## (३) चालू आर्थिक वर्षको उपलब्धि

कम्पनीले नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट) को नेपाल विद्युत प्राधिकरण सँग भए बमेजिम विद्युत खरीद बिक्री सम्झौता अनुरुप हालै निर्माण कार्य सम्पन्न गरी उक्त आयोजना संचालन भई व्यापारिक उत्पादन गरिरहेको छ ।

## (४) कम्पनीको व्यावसायिक सम्बन्ध :

कम्पनीको ब्यावसायिक सम्वन्ध मूलतः विद्युत उत्पादन सम्बन्धि अनुमतिपत्र प्रदान गर्ने उर्जा मन्त्रालय र सो मन्त्रालयसंग आवद्ध श्री विद्युत विकास विभाग तथा विद्युत खरीदगर्ने नेपाल विद्युत प्राधिकरण र आयोजना निर्माणमा बित्तीय सहयोग प्रदान गर्ने नेपाल बैंक लिमिटेड, प्राइम कर्मसियल बैंक लिमिटेड, ग्लोबल आई. एम. ई बैंक लिमिटेड, नेपाल एस.बि.आई बैंक लिमिटेड तथा बैंक अफ काठमाडौं लिमिटेड बाणिज्य बैंकहरूसंग रहेको छ । साथै नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेञ्ज लि. तथा एन.आई.बि.एल. क्यापिटलमार्केट्स लिमिटड तथा बाणिज्य बैंकहरु एवं विकास बैंकहरुसंग पनि सुमधुर सम्वन्ध रहेको छ । आयोजना क्षेत्रका स्थानिय सरकारी निकाय तथा सरोकारवालाहरु सँग सुमधुर सम्बन्ध राख्दै कम्पनीले थप सफलता हासिल गर्न सक्ने विश्वास सहितभविष्यमा पनि ब्यावसायिक सम्वन्धलाई अझै सवल, चुस्तर दुरुस्त बनाउन कम्पनी सदैव सजग रहनेछ ।

## (५) सञ्चालक समिति:

कम्पनीको नियमावली अनुसार यस कम्पनीमा ७ जना सञ्चालकहरु रहनेछन् । सञ्चालक समितीको कार्यकाल ४ बर्षको हुने प्रावधान छ । सर्वसाधारणमा ४० प्रतिशत शेयर बिक्री बितरण भएपछी संस्थापक (क समुह)बाट ४ जना तथा सर्वसाधारण (ख समुह ) बाट २ जना संचालक र १ जना स्वतन्त्र संचालक रहने व्यवस्था रहेको छ ।

## (६) संस्थागत सामाजिक उत्तरदायित्व :

यस कम्पनीले आयोजनामा प्रत्यक्ष र परोक्ष प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावितहरुका लागि कम्पनीले आफ्नो तर्फबाट निभाउनुपर्ने सामाजिक उत्तरदायित्व निभाएको छ । आयोजनामा प्रत्यक्ष र परोक्ष प्रभावित क्षेत्रमा सिंचाईको लागि कार्य गरेको छ । आयोजना क्षेत्रमा परेका जग्गा तथा वन क्षेत्रहरुको उपयोग वापत त्यसको क्षतिपुर्ति स्वरुप नगद तथा जग्गा सट्टा भर्ना गरि वृक्षरोपण गरिसकेको छ । स्थानिय वासिन्दा हरुलाई संस्थापक शेयरमा लगानी का साथै नौगड गाढ मन्दिरका साथै देथला भगवतीको मन्दिर मर्मत संभार गरेको छ। परियोजनालाई आवश्यक पर्ने बाटाहरुको समेत मर्मत गर्नुका सथै चमेलिया नदिको तटमा शव दाहासंस्कारका लागि आवश्यक मसानघाट समेत निर्माण गरेको छ ।

## कम्पनीको सहयोगमा निर्मित सामाजिक विकास निर्माणहरू



नौगाड मन्दिर



भगवति मन्दिर



इलेक्ट्रिकल मिल



बाटो



सिँचाई परियोजना



जलदेवी स्कुलको भवन

### (७) लाभांश

कम्पनीको आ.व २०७१/०७२ को नाफा तथा संचिती ऋणात्मक रहेकाले यसबाट शेयरधनीहरुलाई लाभंश वितरण गर्न सकिने छैन । कम्पनीको व्यापारिक उत्पादन यसै बर्षबाट सुरु भएकाले आगामी बर्षमा लाभांश सुनिश्चित छ भने यसको मात्रा बढदै जाने प्रक्षेपण गरिएको छ ।

### (८) लेखा परीक्षण प्रतिवेदन उपर सञ्चालकसमितिको प्रतिक्रिया:

लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७१/०७२ कोआर्थिक बिवरणहरु यहाँहरुलाई उपलब्ध गराइएकोछ । लेखापरीक्षकको प्रतिवेदनमा कुनै कैफियत उल्लेखनभएको कुरा जानकारी गराउन चाहन्छु ।

### (९) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानीगरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

यस आ.व. २०७१/०७२ मा कम्पनीका पदाधिकारीहरुले निम्नानुसार भत्ता तथा सुविधा प्राप्त गर्नु भएको थियो:-

१. सञ्चालक समितिको बैठक भत्तामा अध्यक्षलाई रु. ४,५००/- र अन्य सञ्चालकलाईरु. ४,०००/- प्रति बैठक
२. सञ्चालकहरुलाई यातायात तथा पत्रपत्रिका सुविधा प्रति ब्यक्ति रु. १०,०००/- (मासिक)
३. कार्यकारी सञ्चालकलाई मासिक तलब, भत्ता तथा सुविधारु. १,५०,०००/- (मासिक)
४. कम्पनीका सञ्चालकहरुलाई कम्पनीका कार्यकारी सञ्चालक सरह दैनिक तथा भ्रमण भत्ता दिने ब्यवस्था रहेको छ।

### (१०)लगानी :

#### (क) अपि हाइड्रोमेकानिकल प्राइभेट लिमिटेड

नेपालको जल विद्युत आयोजना विकासको वृहत संभावनालाई ध्यानमा राख्दै हेटौडा नजीकै ज्यामीरे गा.वि.स मा रहेको जलविद्युत आयोजनाकोलागी चाहिने मेकानिकल उपकरणहरु वनाउने यस कम्पनी एक सक्षम कम्पनीको रुपमा रहेको र यसमा लगानी गर्दा भविश्यमा यसवाट राम्रो प्रतिफलको आशा गरिएकोले अपि पावर कम्पनीले यस कम्पनीमा पनि लगानी गर्ने प्रतिवद्धता जनाएको छ । स्मरणीय के छ भने नौगड गाढ जल विद्युत आयोजना ८.५ मे.वा.को निर्माण गर्ने क्रममा यस कम्पनीले पेनस्टक पाइप, गेट तथा अन्य उपकरणहरु निर्माण तथा जडान गरि सहयोग पुर्याएको छ ।

# परियोजनाका तस्विरहरू



पेनस्टक पाईप जडान हुँदै



सर्च टेङ्की



पावर हाउसमा जडित मेसिनहरु



पावर हाउस तथा स्विचयार्ड



इन्टेक



पावरहाउस



पावर हाउसमा जडित मेसिनहरु



स्विचयार्ड



बलाँच सवस्टेशन



पावरहाउसमा रहेको कन्ट्रोल प्यानल



कर्मचारी आवस तथा पाहुना घर




**अपि हाइड्रोमेकानिकल प्राइभेट लिमिटेडको हेटौडा स्थित कारखाना**

### (ख) अरूण काबेली पावर लिमिटेड

नेपालमा जलश्रोतको उपयोग गरी देशमा जलविद्युत आयोजनाहरुको निमार्ण तथा संचालन गरेर विद्युतको माग परिपूर्ति गर्न हेतुले वि.सं. २०६७ साल पौष २३ मा अरुण काबेली पावर कम्पनी लिमिटेड कम्पनीको स्थापना भएको हो । परियोजना विकास गर्ने क्रममा कम्पनीले मेची अञ्चलको पाँचथर र तापलेजुङ्ग जिल्लाको सिमाना भएर बहने काबेली नदीको पानी उपयोग गरी २५ मेगावाट क्षमताको काबेली बी-१ जलविद्युत परियोजना निमार्ण कार्य गरिरहेको छ । यस कम्पनीमा अपि पावर कम्पनी लिमिटेड द्वारा रु. ५ करोड संस्थापक शेयरमा लगानी गर्ने प्रतिबद्धता रहेको छ ।

### (११) धन्यवाद ज्ञापन :

यस अवसरमा यस कम्पनीको संचालन तथा यस कम्पनीले प्रवर्द्धन गरेका कम्पनीहरु मार्फत अगाडी बढाइएका आयोजनाहरुको निर्माण तथा विकासको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउँदै आउनु भएका उर्जा मन्त्रालय, विज्ञान प्रविधी तथावातावरण मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय, भूमिसुधार मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, विद्युत विकास विभाग लगायत नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरुलाई म धन्यवाद दिन चाहान्छु ।

सम्पन्न भैसकेको आयोजना, नयाँ आयोजना अध्ययन,निर्माण र संचालन सम्वन्धि कार्यमा सहयोग र सद्भाव देखाउँदै आउनु भएका आयोजना वरपरका सम्पूर्ण स्थानीय वासिन्दाहरु रस्थानिय निकायका पदाधिकारीहरु एवं सरोकार समितिलाई पनि धन्यवाद दिन चाहान्छु । साथै प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्नु हुने पत्रकार मित्रहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

आयोजनाको सफल कार्यान्वयन तथा सुचारुरुपले संचालन गर्नका लागि प्रारम्भदेखि सहयोग पुऱ्याउने कम्पनी कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

# Salient Features of Upper Naugadh Hydropower Project (8MW)



| | |
|---|---|
| Location | : Dhuligada and Shikhar VDCs, Darchula District |
| Type of Scheme | : Run-off-River |
| Design Discharge (Q40) | : 6.43 $m^3/s$ |
| Design Discharge from Naugarh Gad | : 5.54 $m^3/s$ |
| Design Discharge from Maune Khola | : 0.89 $m^3/s$ |
| Gross Head | : 163.44m |
| Net Head | : 144.00m |
| Installed Capacity | : 8 MW |
| Annual Energy | : 49.10 GWh |
| Headrace Pipe Length | : 5150m |
| Headrace Pipe Size | : 1.70m to 1.65m Dia, 8mm to 16mm thickness |
| Maune Khola Collection Pipe Length | : 1236m |
| Maune Khola Collection Pipe Size | : 0.70m to 0.80m Dia, 6mm to 8mm thickness |
| Penstock Pipe Length | : 233m |
| Penstock Pipe Size | : 16mm to 20mm thickness |
| Turbine Type | : Francis Turbine |
| No. of Units | : Two |

# Salient Features of Upper Chameliya Hydropower Project (40MW)



| | | |
|---|---|---|
| Location | : | Guljar, Tapoban and Latinath VDCs, Darchula |
| Type of Scheme | : | Run-off-River |
| Design Discharge (Q40) | : | 22.79 $m^3/s$ |
| Gross Head | : | 215m |
| Net Head | : | 204.61m |
| Installed Capacity | : | 40 MW |
| Annual Energy | : | 253.06 GWh |
| Headrace Pipe Length | : | 5000m |
| Headrace Pipe Diameter | : | 3.50m |
| Penstock Pipe Length | : | 450m |
| Penstock Pipe Diameter | : | 3.10m |
| Turbine Type | : | Francis Turbine |
